# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ९ । अंक ३३ । २०७७ माघ - २०७८ आषाढ ।

## नयाँ ब्याजदर निर्धारण

**कोषमा प्रदान गरिने:** ६.५० %

**सापटीहरुमा कायम ब्याजदर:**

| | |
|---|---|
| • विशेष सापटी : | ७.६० % |
| • घरसापटी : | ७.९० % |
| • घरमर्मत सापटी : | ७.९० % |
| • शैक्षिक सापटी : | ७.९० % |
| • सरल चक्रकर्जा : | ८.०० % |

कोषले वि.सं. २०७८ श्रावण १ गतेदेखि लागू हूने गरी सञ्चय कोष तथा निवृत्तभरण कोषमा नयाँ ब्याजदर कायम गरेको छ ।

▸ विस्तृत समाचार पृष्ठ २ मा ।

## ब्याजमा १५ प्रतिशत छुट



कोषले आर्थिक वर्ष २०७७/७८ सम्म तिर्न/बुझाउनु पर्ने ब्याज २०७८ श्रावण महिनाभित्र चुक्ता गरेमा चालु आर्थिक वर्षको चौथो त्रैमासिकको ब्याजमा १५ प्रतिशत छुट दिइने भएको छ । ▸ विस्तृत समाचार पृष्ठ २ मा ।

## मुनाफा रकम वितरण




सञ्चयकर्तालाई आर्थिक वर्ष २०७६/७७ को शुरू सञ्चय कोष मौज्दातमा १.०० प्रतिशत थप रकम मुनाफाको रूपमा वितरण गरिएको छ । ▸ विस्तृत समाचार पृष्ठ २ मा ।

# प्रगति समीक्षा कार्यक्रम सम्पन्न



कोषको आ.व. २०७७/७८ को अर्धवार्षिक प्रगति समीक्षा तथा वरिष्ठ कार्यकारी मञ्चको अन्तरक्रिया कार्यक्रम २०७७ चैत्र ६ र ७ गते बनेपामा सम्पन्न भयो। कार्यक्रममा प्रशासक, सह-प्रशासकद्वय, विभिन्न विभागका विभागीय प्रमुख, वरिष्ठ प्रबन्धक तथा प्रबन्धक एवम् शाखा कार्यालय प्रमुख, सेवा केन्द्र प्रमुख तथा कोषमा क्रियाशील कर्मचारी संगठनका प्रतिनिधिको उपस्थिति थियो ।

कार्यक्रममा आ.व.२०७७/७८ को अर्ध-वार्षिक कार्य प्रगति समीक्षा गरिएको थियो । समीक्षा बैठकमा कोषका ११ वटा विभाग, ८ वटा शाखा कार्यालय र धनकुटा सेवा केन्द्रले वार्षिक कार्यक्रम र बिशेष कार्यक्रमको कार्ययोजना अनुसार २०७७ श्रावणदेखि पौष मसान्तसम्म गरेको कार्य प्रगतिको समीक्षा भएको थियो ।

सो अवसरमा विभिन्न कार्यपत्र प्रस्तुतीकरण र अन्तरक्रिया कार्यक्रम गरिएको थियो । कार्यक्रमको शुरुमा बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक दिपक रौनियारले आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले बेतन कर्णालीबाट धेरै नयाँ कुरा सिक्ने मौका मिलेको र यसले क्षमता विकासमा सहयोग पुगेको बताउनु भयो । २०७४ वैशाख २४ बाट काम शुरू गरेको यो परियोजनामा ग्लोवल आइएमइ बैंकको अगुवाइमा सनराइज बैंकले सहवित्तीयकरण गरिरहेको जानकारी दिनु भयो । "यो आयोजना कोषको पूर्वाधार विकासको क्षेत्रमा हुने लगानीमा कोषेढुङ्गा सावित हुने छ", उहाँको थप कथन थियो, "यस आयोजनाले मेलम्ची खानेपानी आयोजना र अपर तामाकोशी जलविद्युत आयोजनाको जस्तो समस्या भोग्नु पर्दैन ।" ▸ बाँकी पृष्ठ ५ मा ।






## सामाजिक सुरक्षामा ३२ करोड

## निवृत्तभरणमा आबद्धता




कर्मचारी आबद्धताः २५ हजार
आबद्ध कार्यालय : ८३३ वटा
संकलित योगदान रकम रू. ६६ करोड

▸ समाचार पृष्ठ ३ मा ◂

## कर्जा विभाग लगनखेलमा स्थानान्तरण



# मुनाफा रकम वितरण




कोषले मुनाफा रकम वितरण गरेको छ । सञ्चयकर्तालाई आर्थिक वर्ष २०७६/७७ को शुरू सञ्चय कोष मौज्दातमा १.०० प्रतिशत रकम मुनाफाको रूपमा वितरण गरिएको हो । उक्त रकम मध्ये ०.६० प्रतिशत सञ्चयकर्ताको व्यक्तिगत खातामा जम्मा गर्ने र ०.४० प्रतिशत सञ्चयकर्ताको नाममा वेतन कर्णाली सञ्चयकर्ता हाईड्रो पावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयकर्ता शेयर लगानी कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ ।

# कोषद्वारा ब्याजदर परिवर्तन

कोषले २०७८ श्रावण १ गते देखि आर्थिक वर्ष २०७८/७९ को लागि लिने र प्रदान गर्ने ब्याजदरमा पुनरावलोकन गरेको छ । अब सञ्चय कोष तथा निवृत्तभरण कोषमा जम्मा भएको रकममा दिईने ब्याज ६.५० प्रतिशत रहेको छ । त्यसैगरी विशेष सापटीमा ७.६० घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटीमा ७.९० र सरल चक्र कर्जामा ८.०० प्रतिशत ब्याज लिने निर्णय भएको छ ।




# ब्याजमा १५ प्रतिशत छुट


कोषले सञ्चयकर्तालाई २०७७ चैतदेखि २०७८ असार मसान्तसम्मको धितोमा अधारित ऋणको ब्याजमा १५ प्रतिशत छुट दिने निर्णय गरेको छ । कोषले सञ्चयकर्तालाई प्रदान गरिएको घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी र सरलचक्र कर्जाको ब्याज तिर्ने समय बढाउनुका साथै ब्याजमा तोकिएको छुट दिने घोषणा गरेको हो ।

सञ्चयकर्तालाई कोभिड-१९ को संक्रमणबाट परेको नकारात्मक प्रभावलाई सम्बोधन गर्ने क्रममा कर्जाको ब्याजमा केही सहुलियत दिने र तिर्ने अवधि समेत बढाउने उद्देश्यले सञ्चयकर्तालाई प्रदान गरिएको घर सापटी, घर मर्मत कर्जा, शैक्षिक कर्जा, र सरलचक्र कर्जाको आर्थिक वर्ष २०७७/७८ सम्म पाकेको ब्याज २०७८ श्रावण महिनाभित्र चुक्ता गरेमा चालु आर्थिक वर्षको चौथो त्रैमासिक (२०७८ वैशाख, जेष्ठ र असार) को पाकेको ब्याजमा १५ प्रतिशत छुट दिइने भएको छ ।

# कर्जा विभाग स्थानान्तरण

कोषको ठमेलस्थित सञ्चयकर्ता कर्जा विभागलाई लगनखेल, ललितपुरस्थित पाटन अस्पतालसँगैको सञ्चय कोष भवनमा स्थानान्तरण गरिएको छ । २०७८ श्रावण १० गते कोषका प्रशासक तुलसी प्रसाद गौतमले एक कार्यक्रमबीच सो विभागको उद्घाटन गर्नु भयो । यस विभागबाट प्रवाह हुने धितोमा आधारित घर सापटी, शैक्षिक सापटी, सरल चक्र कर्जा जस्ता कार्यक्रमहरू त्यहीँबाट सम्पादन गर्न थालिएको हो ।





# सामाजिक सुरक्षामा ३२ करोड बढी वितरण



कोषले आर्थिक वर्ष २०७७/७८ मा आफ्ना सञ्चयकर्तालाई सामाजिक सुरक्षा बापत ३२ करोड बराबरको रकम प्रदान गरेको छ । सुत्केरी तथा शिशु स्याहारमा १७,०६० सञ्चयकर्तालाई रू. १२ करोड ८० लाख बढी, काजकिरिया अनुदानस्वरूप ९५८ आश्रित परिवारलाई रू. ३ करोड ८० लाख र दुर्घटना क्षतिपूर्ति अन्तर्गत ९५ जना सञ्चयकर्ता/निजका हकवालालाई रू. १८ करोड वितरण गरिएको छ । त्यस्तै सञ्चयकर्ता औषधोपचार कार्यक्रमबापत १,६३३ जना सञ्चयकर्तालाई १३ करोड ८७ लाख प्रदान गरिएको छ ।

## निवृत्तभरणमा २५ हजार योगदानकर्ता




कोषमा हालसम्म २५ हजार कर्मचारीको योगदानमा आधारित निवृत्तभरण रकम जम्मा भएको छ । नेपाल सरकारबाट कोष सञ्चालनको जिम्मेवारी पाएसँगै २०७६ बाट रकम जम्मा हुन शुरू गरेको थियो । हालसम्म ८३३ वटा कार्यालयबाट रू. ६६ करोड भन्दा बढी योगदान रकम संकलन भैसकेको छ ।

## ५ लाख बढी सञ्चयकर्ताको केवाइसी अद्यावधिक





आर्थिक वर्ष २०७७/०७८ को असार मसान्तसम्म १ लाख ६२ हजार बढी सञ्चयकर्ताको KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । यससँगै हालसम्म ५ लाख बढी सञ्चयकर्ताले आफ्नो KYC अपडेट गरिसकेका छन् । त्यसैगरी कुल ७ हजार ८ सय बढी OFFICE KYC अपडेट भएको छ । कोषले प्रदान गर्ने सबै सेवा सुविधा उपभोगको लागि KYC अनिवार्य गरे सँगै KYC अद्यावधिक गर्ने सञ्चयकर्ताको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको हो ।

## जलविद्युत आयोजनाहरुमा लगानी

कोषले विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको छ । सहवित्तीयकरण कर्जा अन्तर्गत जलविद्युत क्षेत्रमा एनएमबी बैंक लि. को अगुवाईमा भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेडद्वारा निर्माणाधीन २५ मे.वा. क्षमताको सेती नदी जलविद्युत आयोजनामा कोषले रू. ८० करोड लगानी गर्ने भएको छ । त्यसैगरी प्रभु बैंक लि.को अगुवाईमा गोरक्ष हाइड्रोपावर प्रा.लिद्वारा निर्माणाधिन २५.४ मे.वा. क्षमताको सुपर आँखु खोला जलविद्युत आयोजनामा रू. ८५ करोड र हिमालयन बैंक लि. को अगुवाईमा अपी पावर कम्पनी लिमिटेडद्वारा निर्माणाधीन ४० मे.वा. क्षमताको अपर चमेलिया जलविद्युत आयोजनामा कोषले रू. १ अर्ब लगानी गर्ने गरी Financial Closure सम्पन्न भईसकेको छ ।

# जिम्मेवारी हेरफेर




कोषका केही मुख्य प्रबन्धकहरूको जिम्मेवारी हेरफेर गरिएको छ । कोषको २०७७ चैत्र ०३ को निर्णयानुसार २०७७ चैत्र ४ देखि लागू हुने गरी आर्थिक प्रशासन विभागमा का.मु मुख्य प्रबन्धक ठाकुर जंग थापा, सञ्चयकर्ता कर्जा विभागमा का.मु. मुख्य प्रबन्धक टोपाराम पण्डित, सञ्चयकर्ता सेवा विभागमा का.मु. मुख्य प्रबन्धक दामोदर प्रसाद सुवेदी रहनु भएको छ । २०७७ वैशाख १७ गतेदेखि मुख्य प्रबन्धक भरतराज वस्तीलाई लगानी तथा ट्रेजरी व्यवस्थापन विभागमा र मुख्य प्रबन्धक रोचन श्रेष्ठलाई भवन तथा आवास व्यवस्थापन विभागको जिम्मेवारी तोकिएको छ । त्यसैगरी वरिष्ठ प्रबन्धक सुवाष खड्कालाई मुख्य प्रबन्धक पदमा कायम मुकायम मुकरर गरी सूचना प्रविधि विभागमा विभागीय प्रमुखको जिम्मेवारी तोकिएको छ । यस भन्दा अघि खड्का योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागमा वरिष्ठ प्रबन्धकको रूपमा कार्यरत हुनुहन्थ्यो ।

## सञ्चालकमा मैनाली



कोषको सञ्चालक समितिको सदस्यमा अर्थमन्त्रालयका सहसचिव दीर्घराज मैनाली नियुक्त हुनु भएको छ । नेपाल सरकार माननीय अर्थमन्त्रीस्तरको मिति २०७७ चैत्र १६ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उफदफा (२) को ख बमोजिम नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व हुने गरी मैनालीलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## अनुपालन अधिकारीमा शाक्य



कोषको अनुपालन अधिकारीको रूपमा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख राजेन्द्र शाक्यलाई तोकिएको छ । सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्) निवारण ऐन, २०६४ को दफा ७ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकलाई कर्मचारी सञ्चय कोषको सम्पत्ति शुद्धीकरण निवारणका लागि नियमनकारी निकाय तोकिएकोमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था बमोजिम कोषको योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागलाई AML/CFT एकाइ र उक्त विभागका विभागीय प्रमुखलाई अनुपालन अधिकारी तोकिएको हो ।

## सह–प्रशासकमा कट्वाल



कोषको सह-प्रशासकमा जीवन कुमार कट्वाल नियुक्त हुनु भएको छ । कोषको मिति २०७७ चैत्र ३ को निर्णयानुसार मिति २०७७ चैत्र ४ गतेदेखि लागू हुने गरी उहाँलाई तह ११, का.मु. सह-प्रशासक (मुख्य अधिकृत) पदमा कायम मुकायम मुकरर गरी कार्य सञ्चालन तर्फको जिम्मेवारी प्रदान गरिएको हो ।

## सञ्चय कोष घरजग्गा व्यवस्थापन कम्पनीमा श्रेष्ठ

कोषका का.मु.सहप्रशासक ओमकृष्ण श्रेष्ठले सञ्चय कोष घरजग्गा व्यवस्थापन कम्पनीको प्रबन्ध सञ्चालकको जिम्मेवारी सम्हाल्नु भएको छ । २०७७ चैत्र ३ गतेदेखि उहाँले सो जिम्मेवारी ग्रहण गर्नु भएको हो । सञ्चय कोष घरजग्गा व्यवस्थापन कम्पनीले लगनखेलस्थित कोषको भवनमा कम्पनीको कार्यालय स्थापना गरी कार्य सञ्चालन गरिरहेको छ ।



# अर्धवार्षिक प्रगति समीक्षा तथा
# वरिष्ठ कार्यकारी मञ्चको अन्तरक्रिया कार्यक्रम

पृष्ठ १ को बाँकी

कार्यक्रममा शाखा कार्यालयहरूको तर्फबाट जनकपुर शाखाका प्रमुख ध्रुव प्रसाद पन्तले बोल्दै शाखा कार्यालय सञ्चालन, निर्देशिका, २०७२ मा समयानुकूल परिमार्जन गर्नु पर्ने धारणा राख्नु भयो । सरकारी लेखा प्रणाली (CGAS) लागू भएका कार्यालयको संकलन इन्ट्रि गर्दा अलर्ट आउने व्यवस्था गर्नुपर्ने CGAS मार्फत फाँटवारी पठाउँदा समेत व्यक्तिगत खातामा तत्काल रकम नआएको गुनासो समेत गर्नु भयो । पहिले गरिएको KYC मा शुद्धीकरण गर्नुपर्ने देखिएको, KYC मा विवरण परिमार्जन गर्नासाथ सञ्चयकर्तालाई SMS जाने व्यवस्था गर्नुपर्ने, अनलाइन विशेष सापटी सीमा हटाउनुपर्ने, CMS / KYC मा भएको सञ्चयकर्ताको विवरणमा एकरूपता हुनुपर्ने कुरामा उहाँको जोड थियो । त्यसैगरी NFRS अनुरूपको लेखांकनलाई शाखा कार्यलयमा समेत पुऱ्याउनुपर्ने, कुनै पनि निर्णय हुनासाथ वेबसाइटमा अद्यावधिक गर्नुपर्ने, संगठनात्मक संरचना अनुरुप कर्मचारीको व्यवस्था हुनुपर्ने, परिवर्तन व्यवस्थापनका बारेमा तालिमबाट कर्मचारीको ज्ञानलाई अद्यावधिक गर्नुपर्ने उहाँको सुझाव थियो ।



कार्यक्रममा वरिष्ठ प्रबन्धक दर्शन भट्टराईले कार्यपत्र प्रस्तुत गर्दै कोषले लगानी गर्दा कम लागत र बढी प्रतिफल प्रदान गर्ने क्षेत्रको पहिचान गरी गर्नुपर्ने बताउनु भयो । कोषलाई बेलाबेलामा अलि शहर केन्द्रित पो भएको हो कि भन्ने आरोप लाग्ने गरेको भन्दै हाउजिङ्का लागि शहरका महङ्गा जग्गा किनेर भन्दा ग्रामिण भेगमा सस्तोमा किनी त्यसलाई उपयोग गर्नु पर्ने बताउनु भयो ।

कार्यक्रममा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख राजेन्द्र शाक्यले विभाग, शाखा कार्यालयहरू र धनकुटा सेवा केन्द्रको विशेष कार्यक्रमको अर्ध-वार्षिक प्रगति मूल्याकंन विवरण प्रस्तुत गर्नु भएको थियो । उहाँले परिवर्तित समय अनुसार मूल्याङ्कन पद्धतिमा पनि सुधारको लागि राय दिँदै कार्यक्रमको संख्याको आधारमा कार्य प्रगति मूल्याकंन गर्दा विभेद जस्तो हुने र सही परिणाम आउन नसक्ने बताउनु भयो । उहाँले थप्नु भयो, "कार्यक्रम एक वटा मात्र तय भएका विभाग वा कुनै त्यस्तै शाखा कार्यालयले त्यही एक वटा कार्यक्रम सम्पन्न गर्दा शतप्रतिशत प्रगति भएको देखिन्छ भने बाह्र वटा कार्यक्रम रहेको विभाग/शाखाले एघार वटा कार्यक्रम सम्पन्न गर्दा पनि शतप्रतिशत प्रगति नदेखिने हुन्छ । त्यसैले यस्तो मूल्याकंन प्रणालीमा परिवर्तन गर्नुपर्ने आवश्यकता छ ।"




मूल्याकंन वैज्ञानिक, वस्तुनिष्ठ र भरपर्दो हुनु पर्नेमा उहाँको जोड थियो ।

का.मु.सहप्रशासक जीवनकुमार कट्वालले आ.व.२०७६/७७ को लेखापरीक्षणका सवालहरूको बारेमा छलफल गर्ने साथै समग्र खर्चको विश्लेषण गर्ने, वोर्डले समयबद्ध सुधार गर्न निर्देशन दिएको चैत्र १५ भित्र कार्ययोजना बनाई बोर्डमा पेश गर्नुपर्ने र आषाढ मसान्तभित्र कार्यान्वयन गरी सक्नु पर्ने अवस्था रहेको बताउनु भयो । अर्को वर्ष लेखापरीक्षण हुँदा २०७६/७७ का मुद्दाहरू नदोहोरिने प्रतिवद्धता सहित कार्यान्वयन गर्नुपर्ने कुरामा उहाँको जोड थियो ।

आर्थिक प्रशासन विभागका विभागीय प्रमुख ठाकुरजंग थापाले सेवा प्रवाहको प्रभावकारितामा सूचना प्रविधिको ठूलो भूमिका रहेको औंल्याउनु भयो । उहाँले कोभिडको महामारीमा यो भूमिका झनै बढेको र कोषको सम्पूर्ण कारोवारको ६० प्रतिशत अनलाइनमा आधारित रहेको एवं श्रावणदेखि पौषसम्मको सम्पूर्ण कारोबारमा २८ प्रतिशत कनेक्ट आइपिएस मार्फत भएको जानकारी दिनु भयो । उहाँले भन्नुभयो, "हाम्रो व्यवसाय सूचना प्रविधिमा निर्भर हुदै गएको छ त्यसैले गोपनियता, इमानदारिता एवं पहुँचमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ", उहाँको थप कथन थियो, "हाम्रो ध्यान सञ्चयकर्तालाई कसरी सहज,सरल तथा शीघ्र सेवा प्रवाह गर्न सक्छौं भन्नेतिर हुनुपर्छ , यसको लागि हाम्रो कदम सदैव सूचना प्रविधि सँगसँगै हुन पर्छ ।"

कार्यक्रममा का.मु. वरिष्ठ प्रबन्धक दिलिपराज पौडेलले पनि कोषको सेवा प्रवाहमा सुचना प्रविधिको उपयोग बारेमा जानकारी प्रदान गर्नु भयो । त्यसैगरी का.मु. वरिष्ठ प्रबन्धक राकेशलाल श्रेष्ठले CGAS को बारेमा विस्तृत जानकारी प्रदान गर्नु भयो भने प्रबन्धक कल्पना मानन्धरले विभाग र शाखा कार्यालयका वार्षिक कार्यक्रम र बजेटको बारेमा प्रस्तुतीकरण दिनु भयो ।

कोषको लक्ष्य प्राप्त गर्नका लागि विभिन्न विभाग तथा शाखा कार्यालयहरू एवं सेवा केन्द्रले निर्धारण गरेका वार्षिक तथा विशेष कार्यक्रमहरू कार्ययोजना बमोजिम सञ्चालन भएको छ/छैन भनी समग्र अध्ययन र विश्लेषण गरी आगामी दिनहरूका लागि कार्यदिशा तय गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो । कोषको विभिन्न विभाग तथा शाखा कार्यालयहरूको वार्षिक लक्ष्य तथा कार्यक्रमहरूको कार्यान्वयनलाई प्रभावकारी तथा नतिजामुखी बनाउनु बैठकको ध्येय थियो ।

कार्यक्रमका बीच कोषका प्रशासक तुलसी प्रसाद गौतम अस्वस्थ भएको कारण उहाँले सबै कार्यक्रममा उपस्थिति जनाउन सक्नु भएन ।

## कोषका प्रशासकलाई सुप्रबल जनसेवाश्री



कोषका प्रशासक तुलसी प्रसाद गौतम सुप्रबल जनसेवाश्री तृतीय श्रेणीद्वारा विभूषित हुनुभएको छ । सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट २०७६ सालको संविधान दिवसका दिन विभूषण प्रदान गर्ने घोषणा भए बमोजिम मिति २०७७ चैत्र २७ गते कर्मचारी सञ्चय कोषका प्रशासक तुलसी प्रसाद गौतमलाई नेपाल राष्ट्रको गौरव एवम् नेपाली जनताको हित अभिवृद्धिमा उहाँले गर्नुभएको उल्लेखनीय योगदानको उच्च मूल्याङ्कन गर्दै सम्मानस्वरूप सुप्रबल जनसेवाश्री तृतीय श्रेणीद्वारा विभूषित गरिएको हो ।

## घरजग्गा व्यवस्थापनमा नयाँ पाइलाः सञ्चयकर्ता घरजग्गा व्यवस्थापन कम्पनी

सञ्चयकर्ता घरजग्गा व्यवस्थापन कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक ओमकृष्ण श्रेष्ठले बिगतमा कोषले हाउजिङ्को विकास गर्ने भनेर प्रक्रिया अघि बढाए पनि आशातित सफलता प्राप्त हुन नसके पछि छुट्टै संस्थाबाट व्यवस्थापन गर्ने गरी सञ्चयकर्ता घरजग्गा व्यवस्थापन कम्पनी लिमिटेडको स्थापना भएको जानकारी दिनुभएको छ। कोषको आ.व. २०७७/७८ को अर्धवार्षिक प्रगति समीक्षा तथा वरिष्ठ कार्यकारी मञ्चको अन्तरक्रिया कार्यक्रममा उहाँले कोषको सोचलाई निष्कर्षमा पुर्‍याउन पहिलो पाइला चालिएको र यसलाई क्रमैसँग लक्ष्यमा पुर्‍याउनु पर्ने बताउनु भयो ।

२०५६ मा पोखराबाट हाउजिङ्को क्षेत्रमा प्रवेश गरेको कोषले



सञ्चयकर्ता घरजग्गा व्यवस्थापन कम्पनी लिमिटेडमार्फत पहिलो चरणमा चितवनको हाउजिङ्लाई प्राथमिकता दिएर अघि बढ्ने योजना रहेको बताउँनुभयो । हामी सबैको सहकार्य र सहयोगबाट यो नवस्थापित कम्पनीलाई आफ्नो उद्देश्य प्राप्तिमा सफल गराउन सकिन्छ भन्ने आशा लिएको कुरा पनि उहाँले बताउनु भयो ।

## कोषका पूर्व सह-प्रशासक काफ्लेको देहवसान



कोषका पूर्व सह-प्रशासक राजेन्द्र काफ्लेको असमायिक निधन भएको छ । कोभिड-१९ को कारण त्रिभुवन विश्वविद्यालय टिचिङ् अस्पतालमा उपचारत अवस्थामा मिति २०७८ वैशाख २८ गते उहाँको निधन भएको हो । २०१९ सालमा काभ्रेपलाञ्चोक जिल्लामा जन्मनु भएका काफ्ले कोषमा २०४४ सालमा प्रवेश गर्नु भएको थियो । ३३ वर्ष सेवा अवधि पूरा गरी २०७७ भाद्र महिनामा उहाँ अवकाश हुनु भएको थियो ।

## कोषका प्रशासकलाई मातृशोक



कोषका प्रशासक तुलसीप्रसाद गौतमलाई मातृशोक परेको छ । उहाँकी माता वेदमाया गौतमको २०७७ माघ ३ गते दुःखद निधन भएको हो । कोषका तर्फबाट दिवंगत आत्माको चिरशान्तिको कामना सहित शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरिएको छ ।

## सह-प्रशासक कट्वाललाई पितृशोक




कोषका का.मु. सहप्रशासक जीवन कुमार कट्वाललाई पितृशोक परेको छ । उहाँका पिता मान बहादुर कट्वालको २०७७ चैत्र १६ गते विराटनगरस्थित अस्पतालमा उपचारको क्रममा दुःखद निधन भएको हो। कोषका तर्फबाट उहाँको आत्माको चिरशान्तिको कामना सहित शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरिएको छ ।

# २८१ जना कर्मचारीलाई तालिम



कोषले आर्थिक वर्ष २०७७/२०७८ मा २८१ जना कर्मचारीलाई तालिम प्रदान गरेको छ । २७४ जना कर्मचारी स्वदेशी तथा ७ जना कर्मचारीलाई वैदेशिक तालिम प्रदान गरिएको हो । कोभिड-१९ को कारण स्वदेशमा प्रदान गरिएका अधिकांश तालिम भने भर्चुअल माध्यमबाट गरिएको थियो ।

# प्रोत्साही पुरस्कार प्रदान



कोषमा कार्यरत कर्मचारीलाई प्रोत्साही पुरस्कार (ग्रेड) प्रदान गरिएको छ । कर्मचारी सञ्चय कोष प्रोत्साही पुरस्कार तथा दण्ड सम्बन्धी कार्यविधि बमोजिम ९५ जना कर्मचारीहरू पुरस्कृत भएका हुन् । विभिन्न विभाग, शाखा कार्यालय र सेवा केन्द्रमा रही उत्कृष्ठ कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई २०७८ वैशाख १ गतेदेखि लागू हुने गरी प्रोत्साहन स्वरूप २ ग्रेड (तलव वृद्धि) प्रदान गरी पुरस्कृत गरिएको हो ।

# कर्मचारीको स्तरवृद्धि



कोषका २३ जना कर्मचारीको स्तरवृद्धि गरिएको छ । वैशाख १३ गतेदेखि लागू हुने गरी २१ जना कर्मचारीलाई तह ४ को कार्यालय सुपरीवेक्षक पदबाट तह ५ को कार्यालय सुपरीवेक्षक पदमा स्तरवृद्धिका लागि सिफारिस गरिएको हो । त्यसैगरी तह ४ को सरसफाई सहयोगी पदबाट तह ५ को सरसफाई सहयोगी पदमा २ जना कर्मचारीको स्तरवृद्धिका लागि सिफारिस गरिएको छ ।

# शाखा कार्यालय बुटवल स्थानान्तरण

शाखा कार्यालय बुटवलको स्थानान्तरण भएको छ । बुटवल उप-महानगरपालिका वडा नं. ८ सुख्खानगरस्थित कोषको शाखा कार्यालय भवनबाट भई रहेको सेवा प्रवाह २०७८ श्रावण ३ गतेदेखि बुटवल उप-महानगरपालिका वडा नं. ११ शान्तिपथ चौराह हस्पिटल पछाडि कालिकानगरबाट हुन थालेको छ ।



शाखा कार्यालय

## विराटनगर

# विविध कार्यक्रम सम्पन्न



आर्थिक वर्ष २०७७/७८ को अवधिमा कोषको शाखा कार्यालय विराटनगरले विश्वभर फैलिएको Covid-19 को बढ्दो प्रकोपलाई मध्यनजर गरी स्वास्थ्य सुरक्षाका मापदण्डहरू अवलम्बन गर्दै कोषको सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउन विभिन्न कार्यहरू सम्पादन गरेको छ ।

सञ्चयकर्तालाई प्रदान गरिने सम्पूर्ण सुविधाहरूका लागि KYC अद्यावधिक गराउने कार्यलाई मुख्य प्राथमिकताका साथ अगाडि बढाएको छ । यस क्रममा शाखा कार्यालयले झापा जिल्लामा अवस्थित नेपाली सेनाको श्री नयाँ श्रीनाथ गण र नं. २१ वाहिनी अड्डा, इलाम जिल्लास्थित श्री पशुपति प्रसाद गण, ताप्लेजुङ्ग जिल्लास्थित श्री भिमकाली गुल्म, तोक्मेडाँडामा Onsite KYC Update गर्ने कार्य सम्पन्न गर्नुका साथै कोषले लागू गरेका विभिन्न व्यवस्था तथा अनलाइन सापटी लिने प्रकृयाका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । त्यसैगरी कोष तथा लेखा नियन्त्रकको कार्यालय ताप्लेजुङ्गको अनुरोध तथा सहयोगमा को.ले.नि.का. ताप्लेजुङ्गको प्राङ्गणमा KYC Update एवम् सो जिल्ला स्थित लेखा समूहका कर्मचारीहरूबीच अनलाइन सापटी, फाँटवारीको Web Posting, योगदानमा आधारित पेन्सनको Web Entry, विभिन्न सापटीहरूको Connect IPS मार्फत Online Repayment गर्ने तरिका, Office KYC को महत्व तथा Update गर्ने तरिकाका सम्बन्धमा अन्तरक्रिया तथा तालिम सञ्चालन गरेको छ । यसैगरी प्रदेश प्रहरी तालिम केन्द्र रानीमा तालिमरत विभिन्न दर्जाका प्रशिक्षार्थीहरूलाई अनलाइन बिशेष सापटी, Individual KYC Update तथा Office KYC Update, विभिन्न सापटीहरूको NCHL मार्फत गरिने कारोबारका विषयमा प्रशिक्षण दिनुका साथै औषधि उपचार सुविधाका सम्बन्धमा रहेको व्यवस्था तथा सो सुविधा प्राप्तिका लागि सञ्चयकर्ताले अपनाउनु पर्ने प्रकृयाका सम्बन्धमा प्रशिक्षण प्रदान गरिएको थियो ।

शाखा कार्यालय

## जनकपुर

### क.सञ्चयकर्ता सपटीको क्षेत्र विस्तार

शाखा कार्यालय जनकपुरले सापटी क्षेत्र विस्तार गरेको छ । पूर्ववत लागू भएका क्षेत्रका अतिरिक्त मिति २०७७ फाल्गुण २५ गते देखि लागू हुने गरी सञ्चयकर्ता कर्जा प्रवाहका लागि थप क्षेत्र विस्तार गरेको हो । सञ्चयकर्ताको माग, लगानीको सुरक्षा, सञ्चयकर्ता कर्जा कार्यविधिले तोकेको मापदण्ड अनुरूप कर्जा प्रवाह गर्ने गरी सिन्धुली कमालामाई नगरपालिका, दुधौली नगरपालिका उदयपुर जिल्लाको त्रियुगा नगरपालिका, सिराहा जिल्लाको सिरहा नगरपालिका, सप्तरीको राजविराज नगरपालिका, सर्लाही जिल्लाको लालबन्दी नगरपालिका, धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपालिका, महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका भित्रका विभिन्न क्षेत्रहरू थप गरेको छ । यसबाट उक्त क्षेत्रमा घरजग्गा भएका सञ्चयकर्ताले घरजग्गा धितोको आधारमा घर निर्माण वा तल्ला थप गर्न घर सापटी, भइरहेको घर मर्मत गर्न घर मर्मत सापटी तथा शैक्षिक सापटी प्राप्त गर्न सक्ने कुरा शाखा कार्यालयका प्रमुख ध्रुव प्रसाद पन्तले जानकारी दिनुभयो ।

### ख. शाखा कार्यालय निरीक्षण



शाखा कार्यालयबाट सम्पादन भईरहेका काम, कर्मचारीहरूको अवस्था लगायत शाखा सञ्चालनका सम्वन्धमा कोषको उच्च व्यवस्थापनबाट समय समयमा निरीक्षण गरी शाखाको कार्य सञ्चालनलाई थप प्रभावकारी बनाउने सन्दर्भमा तत्कालीन मुख्य प्रवन्धक जीवन कुमार कट्वालले २०७७ फाल्गुण २३ गते, मुख्य प्रवन्धक राजा राम श्रेष्ठले २०७७ माघ २२ गते र मुख्य प्रवन्धक बिजय कुमार श्रेष्ठले २०७७ चैत्र १९ गते शाखा कार्यालय जनकपुरको भ्रमण गर्नुभएको थियो । कोषका विभागीय प्रमुखको जिम्मेवारीमा रहनुभएको मुख्य प्रवन्धकहरूले निरीक्षण पश्चात निरीक्षण पुस्तिकामा दरवन्दी भन्दा कम कर्मचारीका बावजूद पनि शाखाको कर्यसम्पादन उत्कृष्ट रहेकोमा सन्तुष्टि व्यक्त गर्नु भएको थियो ।



# छलफल कार्यक्रम

शाखा कार्यालय पोखराले २०७७ माघ २ मा श्रीजंग गण लमजुङ्को समन्वयमा अधिकृत, पदिक तथा सकल दर्जासँग Online Special Loan प्रवाहको प्रक्रिया, Connectips मार्फत विभिन्न शीर्षकका ऋण फिर्ता भुक्तानी गर्ने प्रक्रिया, सञ्चयकर्ता स्वास्थ्य उपचार सुविधा प्राप्त गर्न सकिने अवस्था र व्यक्तिगत तथा Office KYC Update सम्बन्धमा छलफल गर्ने कार्य सम्पन्न गऱ्यो । त्यसैगरी २०७८ वैशाख ९ र १० गते मुस्ताङ् जिल्लाको जोमसोमस्थित नेपाली सेनाको श्री बज्रदल गण तथा श्री सैनिक उच्च शिखर शिक्षालयमा गई त्यहाँ कार्यरत कर्मचारीहरूको व्यक्तिगत kyc अद्यावधिक गर्ने कार्य  तथा कोषसम्बन्धी विविध विषयमा जानकारी प्रदान गरियो ।



## शाखा कार्यालय कोहलपुर

# सञ्चयकर्ता सापटीको क्षेत्र विस्तार

शाखा कार्यालय कोहलपुरले सापटी क्षेत्र विस्तार गरेको छ । बाँके जिल्ला अन्तर्गत पूर्ववत लागू भएका क्षेत्रका अतिरिक्त २०७८ असार २ गते देखि लागू हुने गरी नेपालगञ्ज नगरपालिका, कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका, बैजनाथ गाउँपालिका भित्रका विभिन्न क्षेत्रहरू थप गरिएका छन् । त्यसैगरी बर्दिया जिल्ला अन्तर्गत गुलरिया नगरपालिका, बाँसगढी नगरपालिका, बढैयाताल गाउँपालिका, मधुवन नगरपालिका, राजापुर नगरपालिकाका विभिन्न क्षेत्रहरू, दाङ् जिल्ला अन्तर्गत तुल्सीपुर उप-महानगरपालिका, घोराही उप-महानगरपालिकाका विभिन्न क्षेत्रहरू समावेश गरिएको छ ।

# भवन निर्माण कार्य अन्तिम चरणमा

शाखा कार्यालय कोहलपुरको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।  कोहलपुरस्थित जग्गामा कार्यालय भवन, आवास तथा गेष्ट हाउस, गार्ड हाउस, विद्युतीय कोठा, क्यन्टिन, पार्किङ्  सेड लगायत निर्माण गर्नको लागि निर्माण व्यवसायी श्री Thodung/HTC/Basana J.V. Birendranagar Surkhet र कोषबीच २०७७ असार १६ गते संझौता भई २०७७ श्रावण १ गते देखि लागु हुने गरी कार्यादेश दिए बमोजिम निर्माण व्यवसायीवाट भवनहरूको निर्माण कार्य शुरू गरिएको थियो ।



शाखा कार्यालय हेटौडा

# भवन निर्माण कार्यको प्रारम्भिक तयारी

शाखा कार्यालय हेटौडा आफ्नै भवन निर्माण कार्यमा जुटेको छ । कोषको हेटौडास्थित कि.न. २०९० को क्षेत्रफल ०-७-१०-० हुनपर्नेमा ०-७-०-० मात्र भोग चलन भईरहेकोमा २०७७ माघ ८ मा हेटौडा नापी कार्यालयबाट नाँप जाच गरी स्वीकृत नक्सा तथा लालपूर्जा बमोजिमको क्षेत्रफल कायम गरी चार किल्ला छुट्टाउने काम सम्पन्न गरिएको छ । कोषको शाखा कार्यालय हेटौंडाले नियमित ताकेता र प्रक्रिया पूरा गरी २०७७ फागुन १८ मा प्रथम चरणको भवन निर्माण कार्यको हेटौडा उपमहानगरपालिकाबाट ईजाजत पत्र प्राप्त गरेको छ । शाखा कार्यालयको परिसरमा रहेका ११ वटा रूखहरूको कटान गरी डिभिजन वन कार्यालय हेटौडाको समन्वयमा लिलाम बिक्रि कार्य २०७८ वैशाख २१ मा सम्पन्न गरी नयाँ बन्न लागेको भवनको लागि पूर्ण रूपमा साईट क्लियरको काम सम्पन्न गरिएको छ ।





# सापटी क्षेत्र बिस्तार

मिति २०७८ असार २ को निर्णयानुसार शाखा कार्यालय हेटौडा अन्तर्गत सापटी प्रवाहको लागि विभिन्न क्षेत्रहरू थप गरिएको छ । थप भएका क्षेत्रहरूमा हेटौडा उप-महानगरपालिका अन्तर्गतका वडा नं. १४ र १५ का उपयुक्त क्षेत्रहरू, वडा नं. १९ बस्तीपुरदेखि मनहरी गाउँपालिकाको मनहरी बजारसम्म महेन्द्र राजमार्गको उत्तरतर्फ ५०० मिटर र दक्षिणतर्फ ५०० मिटरसम्मका उपयुक्त क्षेत्रहरू छन् । त्यसैगरी मनहरी गाउँपालिका अन्तर्गत पर्ने मनहरी बजार क्षेत्रभित्र महेन्द्र लोकमार्गको उत्तरतर्फ ५०० मिटर र दक्षिणतर्फ ५०० मिटरसम्मका उपयुक्त क्षेत्रहरू र खैरहनी नगरपालिका वडा नं. १०, ११, १२ र १३ का मापदण्ड बमोजिमका सम्पूर्ण उपयुक्त क्षेत्रहरूमा सापटी प्रवाह बिस्तार गरिएको छ ।

# जानकारी प्रदान

२०७८ वैशाख २० मा कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौंडाले मकवानपुर को.ले.नि.का कार्यालयका कर्मचारी (सञ्चयकर्ता) लाई KYC / Connect IPS सम्बन्धी सामान्य जानकारी प्रदान गरेको छ । सो अवसरमा कोषले प्रदान गर्ने सेवासुविधा, अनलाइनमार्फत हुने कारोबारबारे पनि जानकारी प्रदान गरिएको थियो ।



शाखा कार्यालय हेटौडाको प्रस्तावित भवन

# Onsite KYC तथा सञ्चयकर्ता अन्तरक्रिया



सेवा केन्द्र धनकुटाले जिल्ला प्रशासन कार्यालय भोजपुर र संखुवासभासँग समन्वय गरी २०७७ फाल्गुण २१, २२, २३ र २४ गते भोजपुर तथा चैत्र ६, ७ र ८ गते संखुवासभास्थित विभिन्न कार्यालयका सञ्चयकर्ताहरूको Onsite KYC Update कार्य सम्पन्न गऱ्यो । भोजपुर र संखुवासभा जिल्लास्थित विभिन्न सरकारी तथा संगठित संस्थाका कर्मचारी, फर्स्ट राइफल गण र नयाँ भैरवी दल गुल्मका सैनिक अधिकृत एवम् जवानहरू, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, शिक्षकहरूलगायत कोषका कार्यालयमा उपस्थित भई KYC Update गर्न नसकेका सञ्चयकर्ताको व्यक्तिगत विवरण अपडेट गरियो ।

सोही अवधिमा उपस्थित सञ्चयकर्तालाई कोषले प्रदान गर्दै आएका विभिन्न सञ्चयकर्ता सापटी सेवा, सामाजिक सुरक्षण सुविधा, सञ्चयकर्ता स्वास्थ्योपचार योजनाका बारेमा अन्तरक्रिया तथा छलफल गरियो । साथै, Office KYC, फाँटवारीको Web Upload तथा Web Entry, CGAS मार्फत् सरकारी कार्यालयहरूको अनलाईन फाँटवारी इन्ट्री, योगदानमा आधारित निवृत्तभरणको इन्ट्री, अनलाइन विशेष सापटी आवेदन तथा Connect IPS मार्फत् सापटीको अनलाइन नगद दाखिला गर्ने प्रक्रिया, कोषको E-Service को प्रयोग र पासवर्ड बिर्सिएमा पासवर्ड Reset गर्ने तरिकाका सम्बन्धमा छलफल तथा अन्तरक्रिया गरी जानकारी प्रदान गरियो ।

कोषका शाखा कार्यालय एवम् सेवा केन्द्रबाट टाढा रहेका सञ्चयकर्ताले अनलाईन मार्फत् विशेष सापटी प्राप्त गर्ने व्यवस्थाप्रति खुसी व्यक्त गर्दै कोषका अन्य सेवा सुविधालाई समेत क्रमशः अनलाईन मार्फत प्रदान गर्ने व्यवस्था गर्न सुझाव दिएका थिए ।

## सरसफाई कार्यक्रम सम्पन्न

धार्मिक एवम् पौराणिक पर्व होलीको शुभ अवसरमा चैत्र १५ गते सेवा केन्द्र, धनकुटाले होली कार्यक्रम आयोजना गऱ्यो । सेवा केन्द्रका कार्यालय प्रमुखलगायत कोषका अधिकृत तथा कर्मचारीहरूको सक्रिय सहभागितामा एकअर्कामा रंग दली रंगहरूको पर्व होली मनाइयो । त्यस पश्चात् कार्यालय परिसर र कार्यालय वरपरको सेरोफेरोको सरसफाई तथा कार्यालय परिसरको फूलबारी गोडमेल गर्ने कार्य समेत गरियो ।

शाखा कार्यालय सुर्खेत

# भवन निर्माण कार्य तीव्र

शाखा कार्यालय सुर्खेतको भवन निर्माण कार्य द्रुत गतिमा अगि बढेको छ । कोषको सुर्खेत स्थित जग्गामा शाखा कार्यालय भवन, आवास गृह र गार्ड हाउस निर्माणको लागि निर्माण व्यवसायी श्री Sunlight / Y.S.S. J.V. वीरेन्द्रनगर, सुर्खेत र कोषबीच २०७७ असार १६ गते संझौता भई २०७७ साउन १ गते देखि निर्माण कार्य शुरू गरिएको थियो ।



शाखा कार्यालय धनगढी

# सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण

शाखा कार्यालय धनगढीले सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण गरेको छ । सन्तुष्टि सर्वेक्षणको क्रममा शाखा कार्यालय धनगढीमा सेवा लिन उपस्थित एवं स्थलगत रूपमा विभिन्न स्थानमा गई २५० जना सञ्चयकर्ताहरूलाई नमूनाको रूपमा छनौट गरि प्रश्नावली वितरण गरिएको थियो । जसमध्ये १४२ जना संचयकर्ताहरूबाट प्रश्नावलीको उत्तर प्राप्त भएको थियो । नि.कार्यालय प्रमुख राजेन्द्र विक्रम केसीका अनुसार सर्वेक्षणमा संलग्न सेवाग्राहीमध्ये शाखा मार्फत प्रवाह भएको सेवा/सुविधाबाट करिब ८१ प्रतिशत सेवाग्राही सन्तुष्ट रहेको देखिन्छन् भने कोषको सेवा प्रवाहमा सुधार गर्नुपर्ने भनि १९ प्रतिशत सञ्चयकर्ताले सुझाव दिएका छन ।

# ज्ञान आदानप्रदान

शाखा कार्यालय धनगढीले कर्मचारीहरूबीच ज्ञान आदानप्रदान गर्ने उद्देश्यले विभिन्न कार्यक्रम गरेको छ । यसै सिलसिलामा २०७७ पौष ८ गते सरकारी विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) सम्बन्धमा प्र.स. ऋषीप्रसाद अधिकारीले, २०७८ असाढ २३ गते डाटा इन्ट्रि तथा वेब अपलोड सम्बन्धमा भएका प्रगतीका सम्बन्धमा प्र.स. रमेश प्रसाद जोशीले र असाढ २८ मा घरसापटीका सम्वन्धमा भइरहेको प्रयास र सञ्चयकर्ताको प्रतिकृयाका सम्बन्धमा प्र.स. अरबिन निरौलाले कार्यपत्र प्रस्तुत गर्नुभएको छ ।

# सेमिनार तथा अन्तरक्रिया सम्पन्न

शाखा कार्यालय धनगढीले कोषकट्टी फाँटवारीको वेब अपलोड र निवृत्तभरणको वेब इन्ट्रि सम्बन्धमा विभिन्न चरणमा बेविनार सञ्चालन गरेको छ । मिति २०७७ पुष २, पुष २२, फागुन २४, चैत्र ४ र चैत्र २६ गते छुट्टाछुट्टै रूपमा सम्पन्न वेबिनारमा सुदुरपश्चिम प्रदेशका विभिन्न गाउँपालिका र नगरपालिकाका ६५ भन्दा बढी लेखा प्रमुखहरूको सहभागिता रहेको थियो ।

यस्तै शाखाले २०७८।१।७ मा सुदुरपश्चिममा कार्यरत नेपाली सेनाका लेखासम्बद्ध कर्मचारीहरूसँग योगदानमा आधारित निवृत्तभरण र अनलाइन सापटी, वेब अपलोड लगायतका प्राविधिक प्रकृयाहरूका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको छ ।

शाखाले सञ्चयकर्ताले लिएका सबै किसिमका कर्जा/सापटीको साँवा तथा ब्याजको भुक्तानी Connect IPS मार्फत गर्न सक्ने व्यवस्थाको सुरूवात गरेको सन्दर्भमा सुदुरपश्चिम प्रदेश अन्तर्गत माछापुछ्रे बैंकका शाखा प्रबन्धकहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा Connect IPS र Bank Central मार्फत कोषका सापटीहरू बैंक दाखिला गर्दा अपनाउनु पर्ने प्रक्रिया र रूजु गर्न आवश्यक पर्ने कागजातका सम्बन्धमा जानकारी प्रदान गरिएको थियो ।




# केवाइसी अद्यावधिक

शाखा कार्यालय धनगढीद्वारा डोटी, डडेल्धुरा, अछाम र बाजुरा जिल्लामा २०७७ चैत्रमा स्थलगत रूपमा केवाइसी अद्यावधिक गरिएको छ । टोलीमा प्र.स. अशोक तिमिल्सिना, प्र.स.ऋषिप्रसाद अधिकारी र प्र.स. अरबिन निरौला सहभागी हुनुहुन्थ्यो । जसबाट उक्त जिल्लाका नेपाल आर्मि, प्रहरी तथा निजामतीतर्फका सञ्चयकर्ताहरू लाभान्वित भएका थिए । शाखाबाट यस आ.व.को असाढ मसान्तसम्ममा ९,४०४ जना सञ्चयकर्ता तथा १,००८ कार्यालयहरूको केवाइसी अद्यावधिक गरिएको छ ।



'सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष'

# कर्मचारी सञ्चय कोषबाट उपलब्ध सेवा-सुविधाहरू :

**(क) सञ्चय कोष र निवृत्तभरण कोष रकममा ब्याज प्रदान :** २०७८ श्रावण १ गते देखि ६.५० प्रतिशत ।

**(ख) मुनाफा प्रदानः** आ.व. २०७७/७८ मा आ.व. २०७६/७७ को खुद मुनाफाबाट आ.व. २०७६/७७ को शुरू सञ्चय कोष मौज्दातको आधारमा १ प्रतिशत प्रदान गरिएको ।

**(ग) सापटी सुविधाहरू :**

- विशेष सापटी : कोषकट्टी खातामा जम्मा भएको रकमको ८० प्रतिशत सम्म (ब्याजदर ७.६० प्रतिशत) ।
- घर सापटी : घर निर्माण गर्न वा घर खरिद गर्न घर जग्गाको धितोमा अधिकतम १५ वर्षको तलब वा बढीमा रू.१ करोड सम्म (ब्याजदर ७.९० प्रतिशत)
- शैक्षिक ऋण : घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान्/श्रीमती/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्न स्वदेशका लागि अधिकतम रू.१० लाख, विदेशका लागि अधिकतम रू.२० लाख सम्म र एम.बी.बी.एस./एम.डी.को लागि रू.२५ लाख सम्म (ब्याजदर ७.९० प्रतिशत)
- सञ्चयकर्ता सरल चक्रकर्जा : घर जग्गाको धितोमा काठमाण्डौ उपत्यकाभित्र न्यूनतम रू.५ लाख र अधिकतम रू.३० लाख सम्म (ब्याजदर ८ प्रतिशत)
- घर मर्मत सापटी : घर मर्मत गर्न घर जग्गाको धितोमा अधिकतम ५ वर्षको तलब वा रू.२५ लाख सम्म (ब्याजदर ७.९० प्रतिशत)

**(घ) सामाजिक सुरक्षा सुविधाहरू :**

- दुर्घटना क्षतिपूर्ति योजनाः सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु वा पूर्ण अंगभंग भएमा रू. २ लाख ।
- काजकिरिया अनुदान योजनाः सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रू.४० हजार ।
- सञ्चयकर्ता स्वास्थ्योपचार योजनाः सञ्चयकर्ता अस्पताल भर्ना भई उपचार गरेको साधारण रोगमा रू. १ लाख सम्म र घातक रोगमा रू. १० लाखसम्म ।
- सुत्केरी तथा शिशु स्याहार सुविधाः प्रति प्रसूति रू.७ हजार ५ सयका दरले बढीमा दुई पटक गरी रू.१५ हजार ।

**(ङ) अनलाइनमार्फत सुविधा प्रदान**

- KYC अद्यावधिक भएका सञ्चयकर्तालाई अनलाइनमार्फत विशेष सापटी लिनसक्ने सुविधा कार्यान्वयन गरेको ।
- सञ्चयकर्ताले कोषबाट लिएका विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, सरलचक्र कर्जा तथा घर मर्मत सापटीको साँवा तथा ब्याज connectIPS मार्फत् आफ्नो बैंक खाताबाट सोझै सञ्चय कोषमा तिर्न सक्ने व्यवस्था भएको ।
- महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) र कर्मचारी सञ्चय कोषले प्रयोग गरेको प्रणालीबीच सूचना आदानप्रदान गर्ने कार्य प्रारम्भ भई विद्युतीय प्रणालीमार्फत् फाँटवारी संकलन शुरू गरिएको । संघ र प्रदेश कार्यालयका स्थायी कर्मचारीहरूको तलबी विवरण तयार गर्दा नै अनिवार्य रूपमा कोषको परिचयपत्र नम्बरका आधारमा रूजु गरी सञ्चय कोष रकम पठाउन सकिने व्यवस्था गरिएको ।
- कोषले सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक गर्ने कार्य अन्तिम चरणमा पुऱ्याएको । कोषको वेवसाईटमा उपलब्ध KYC फाराममा आफ्नो वास्तविक विवरणहरु भरी Submit गरे पछि प्राप्त हुने विवरण प्रिन्ट गरी कार्यरत कार्यालयबाट प्रमाणित गराई, कोषको परिचयपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपिसहित कोषको कार्यालयमा स्वयम् उपस्थित भई Biometric विवरण (हस्ताक्षर, औंठाछाप तथा फोटो) अद्यावधिक गर्ने गरिएको ।
- सरकारी एवम् सार्वजनिक संस्थाका कर्मचारीहरूका लागि योगदानमूलक निवृत्तभरण रकम मासिक तलबवाट ६ प्रतिशत कट्टा गरी सोही अनुपातमा नेपाल सरकार वा सम्बन्धित संस्थाबाट थपिने गरी रकम सोझै विद्युतीय माध्यमबाट प्राप्त हुने गरी व्यवस्था गरिएको ।

कोषबाट उपलब्ध भइरहेका सम्पूर्ण सेवा-सुविधासम्बन्धी जानकारी कोषको वेवसाईटमार्फत् लिन सकिने छ।

विशेष धन्यवाद : राजेन्द्र विक्रम के सी

सम्पादन तथा प्रकाशन :

कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर
योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर ।
फोन नं. ०१ - ५०१०१६५, ५०१०१६६, ५०१०१७८
website : www.epfnepal.com.np, email: planning@epfnepal.com.np